माननीय दिपक खड्का
प्रतिनिधि सभा सदस्य
संखुवासभा

Hon. Dipak Khadka
Member of Parliament
Sankhuwasabha

च.नं.

# प्रेस विज्ञप्ती

गत २७ भदौमा संसदमा दर्ता भएको शिक्षा विधेयकका कारण आज देशैभरका शिक्षकहरु आन्दोलित भएका छन् । संसदमा प्रस्तुत शिक्षा विधेयकमा विभेदकारी व्यवस्था राखिएको र शिक्षकसँग यसअघि भए गरिएका सम्झौताहरु समेत उक्त विधेयकले नसमेटेको भन्दै देशैभरका विद्यालयहरु बन्द गरी शिक्षकहरु काठमाडौं केन्द्रित सडक आन्दोलनमा उत्रिएका छन् । जसका कारण करिब ५४ लाख बालबालिकाको शैक्षिक भविष्य प्रभावित भएको छ ।

विद्यालयलाई शान्ति क्षेत्रको रुपमा हामी सबैले स्वीकार गर्दै आएका छौं र यो क्षेत्र बन्द, हडताल, आतङ्क भन्दा पृथक रहनु पर्दछ भन्ने विश्वव्यापी मान्यता समेत रहिआएको छ । विद्यालय नै त्यस्तो पवित्र मन्दिर हो जहाँबाट भविश्यमा मुलुक सञ्चालन गर्ने दक्ष जनशक्ति उत्पादनको प्रारम्भ हुने गर्दछ । तसर्थ विद्यालय क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरु आन्दोलनमा उत्रिनुपर्ने परिस्थिती प्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । विद्यालय क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आन्दोलनका कारण आज विद्यालयहरु ठप्प छन् भने ५४ लाख बालबालिकाहरु आफ्नो पढ्न पाउने नैसर्गिक अधिकार बाट वञ्चित भएका छन् ।

विद्यालय जस्तो संवेदनशील क्षेत्र आन्दोलित हुनुपर्ने परिस्थिती कसरी श्रृजना भयो ? आन्दोलनले यो स्वरुप ग्रहण गर्दा समेत हाम्रो ध्यान किन जान सकेन ? हामी आम सरोकारका विषयहरुमा समेत किन समयमै संबेदनशील बन्न सक्दैनौ ? यी आम नागरिकले गर्ने तर अनुत्तरीत प्रश्नहरु प्रति म नेपाल सरकार तथा सम्बन्धित निकायहरुको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।
शिक्षक तथा कर्मचारीहरुका जायज मागहरुप्रति एक्यबद्धता जाहेर गर्दै शान्तिपूर्ण रुपमा वार्ताको माध्यामबाट शिक्षक तथा कर्मचारीहरुका जायज मागहरु सम्बोधन गरियोस् र यथासिघ्र विद्यालय खोल्ने र बालबालिकाहरुले नियमित शिक्षा प्राप्त गर्नसक्ने सुनिश्चित गरियोस् भनि म नेपाल सरकार तथा सम्बन्धित निकायहरु समक्ष जोडदार माग गर्दछु । धन्यवाद / जय नेपाल ।

..........................
दिपक खड्का
प्रतिनिधिसभा सदस्य
एवम्
ने.का. जिल्ला सभापति
संखुवासभा
२०८०/०६/०५